हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर, बागमती प्रदेश

शून्य फोहोर महाअभियान अन्तर्गत सरसफाई कार्यक्रमको प्रतिवेदन

कार्यक्रमको नाम	शून्य फोहोर महाअभियान – सरसफाई कार्यक्रम
मिति	२०८३।०४।२२ गते
समय	बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
स्थान	हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालय परिसरहरू
नेतृत्व	प्रमुख प्रशासकीय अधिकृत श्री टेकबहादुर वली

१। पृष्ठभूमि

हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८३।८४ मा यस हेटौंडालाई पर्यटन वर्ष २०८३ को रूपमा घोषणा गर्ने क्रममा पहिलो क्रियाकलापको रूपमा "शून्य फोहोर महाअभियान" कार्यक्रमको शुरुवात गरिएको हो। सो अभियानको सुरुवातस्वरूप मिति २०८३।०४।२२ गते यस कार्यालयबाट व्यापक सरसफाई कार्यक्रम सञ्चालन गरिएको थियो।

२। उद्देश्य

- हेटौंडा उपमहानगरपालिका क्षेत्रलाई फोहोरमुक्त र स्वच्छ बनाउने।
- पर्यटन वर्ष २०८३ को घोषणासँगै शहरको सफाई र सौन्दर्यीकरणमा जनचेतना अभिवृद्धि गर्ने।
- सरकारी तथा गैरसरकारी निकाय, व्यवसायी संघसंस्था र सर्वसाधारणको सहभागितामा सरसफाईलाई निरन्तरता दिने।

३। कार्यक्रमको विवरण

यस कार्यालयको आह्वानमा मिति २०८३।०४।२२ गते बिहान ९ बजेदेखि १० बजेसम्म सम्पूर्ण सरकारी कार्यालय, हेटौंडा उपमहानगरपालिका परिसर, बागमती प्रदेशका मन्त्रालयहरू, सम्पूर्ण वडा कार्यालयहरू, जिल्ला प्रशासन कार्यालय लगायत अन्य सम्पूर्ण सरकारी कार्यालयहरु, सरकारी तथा अन्य

बैंक परिसर, होटल व्यवसायी संघ, यातायात व्यवसायी संघ, विद्यालय परिसर, उद्योग संघ, उद्योग परिसर लगायत औद्योगिक परिसरहरूमा एकैसाथ सरसफाई कार्यक्रम सम्पन्न भएको हो।

उपमहानगरपालिकाको सम्पूर्ण कर्मचारीहरूको नेतृत्व प्रमुख प्रशासकीय अधिकृत श्री टेकबहादुर वलीले गर्नुभएको थियो। उहाँको नेतृत्वमा सम्पूर्ण महाशाखा प्रमुख, शाखा प्रमुख तथा अन्य सम्पूर्ण कर्मचारीहरूको उत्साहजनक सहभागितामा शून्य फोहोर महाअभियानको औपचारिक सुरुवात गरिएको थियो।

४। सहभागिता

यस कार्यक्रमका लागि सम्बन्धित सबै निकायहरूलाई पत्राचारमार्फत जानकारी गराइएको थियो, जसअनुरूप जिल्ला प्रशासन कार्यालय लगायत सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालयहरूले यस महाअभियानलाई सकारात्मक रूपमा स्वीकार गर्दै आफ्नो कार्यालय परिसरमा सरसफाई कार्य सम्पन्न गरेका थिए।

५। निष्कर्ष

यस अभियानले हेटौंडा उपमहानगरपालिका क्षेत्रलाई पर्यटन वर्ष २०८३ को लागि थप स्वच्छ र आकर्षक बनाउनमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ। सम्पूर्ण सरकारी निकाय, व्यवसायी संघसंस्था र कर्मचारीहरूको सक्रिय सहभागिताले यस अभियानलाई सफल बनाएको हुँदा भविष्यमा पनि यसैगरी निरन्तरता दिइने व्यहोरा समेत जानकारी गराइन्छ।

६। संलग्न कागजात

सम्बन्धित कार्यालयहरूले गरेका सरसफाई क्रियाकलापहरूको तस्वीरहरू सम्बन्धित कार्यालयबाट प्राप्त भएको हुँदा यसै प्रतिवेदनसाथ संलग्न राखिएको छ।












































JCB




उपभोक्ता संरक्षण ऐन २०७४ को दफा ६४ अनुसार उपभोक्तालाई प्राप्त अधिकार प्रति आम नागरिक सचेत हुन निम्न कुरामा ध्यान पुऱ्याउ






सावधान!
खतरा छ।
प्रवेश निषेध


सावधान!
खतरा छ।
प्रवेश निषेध











